नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

फोन नं. ५३४७९१२
५३४९६०३

# वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

(विद्युतीय व्यापार नियमन तथा सूचना प्रविधि शाखा)
बबरमहल, काठमाडौं

सूचना नं: ०६/०८३-८४

## अनिवार्य सूचीकृत हुने सम्बन्धी जरुरी सूचना

प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने संवैधानिक तथा कानुनी हकको भावना र मर्म अनुरूप विद्युतीय व्यापार (ई-कमर्स) ऐन, २०८१ तथा विद्युतीय व्यापार (ई-कमर्स) निर्देशिका, २०८२ जारी भई कार्यान्वयनमा आइसकेको सर्वविदितै छ। विद्युतीय व्यापार (ई-कमर्स) ऐन, २०८१ को दफा २ को खण्ड (ञ) बमोजिम उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तु वा वस्तुहरूको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ तथा ऐनको दफा २ को खण्ड (त) बमोजिम विद्युत, खानेपानी, टेलिफोन, सूचना प्रविधि, स्वास्थ्य, शिक्षा तथा परामर्श, ढुवानी, पर्यटन, मनोरञ्जन, यातायात, ढल, मर्मत सम्भार, बैंकिङ, बिमा, कानुनी, लेखापरीक्षण, चिकित्सा वा इन्जिनियरिङ वा यस्तै प्रकृतिका अन्य सेवाहरू कम्प्युटर, मोबाइल वा यस्तै प्रकृतिका विद्युतीय उपकरणको प्रयोग गरी वेबसाइट, एप्लिकेसन, सफ्टवेयर, इन्टरनेट, इन्ट्रानेट, सामाजिक सञ्जालको मार्केटप्लेस लगायतका माध्यमबाट सूचना सङ्कलन, सम्प्रेषण वा सङ्ग्रह गरी वस्तु वा सेवाको कारोबार गर्ने प्रयोजनका लागि बनाइएको प्रणाली प्रयोग गरी व्यवसाय गर्ने प्रणाली ई-कमर्स हो।

तसर्थ, यस्ता विद्युतीय माध्यमबाट व्यापार व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरूले व्यवसाय गर्नुपूर्व ऐनको दफा ४ बमोजिम अनिवार्य रूपमा विद्युतीय प्लेटफर्म स्थापना गर्नुपर्ने र ऐनको दफा ५ बमोजिम यस विभागको पोर्टलमा सूचीकरण हुनुपर्ने कानुनी व्यवस्था रहेको छ। हालको सन्दर्भमा विभिन्न विद्युतीय माध्यम र डिजिटल भुक्तानी प्रणालीको प्रयोग गरी उपभोक्तामा भ्रम छर्ने, ठगी गर्ने तथा गुणस्तरहीन वस्तु/सेवा बिक्री-वितरण गर्ने जस्ता गुनासोहरू तीव्र रूपमा बढिरहेको प्रति यस विभागको गम्भीर ध्यानाकर्षण भएको छ। अतः विद्युतीय माध्यम/प्लेटफर्मबाट वस्तु तथा सेवाको कारोबार सञ्चालन गर्ने सम्पूर्ण व्यवसायी तथा सरोकारवालाहरूलाई तोकिएको प्रक्रिया पूरा गरी अनिवार्य रूपमा विभागमा सूचीकृत हुन र प्रचलित कानुनी व्यवस्थाको पूर्ण पालना गरेर मात्र व्यवसाय सञ्चालन गर्न सूचित गरिन्छ। सूचनाको बेवास्ता गरी सूचीकृत नभएका वा गैर-कानुनी विद्युतीय प्लेटफर्महरूबाट व्यवसाय सञ्चालन गरेको पाइएमा विद्युतीय व्यापार ऐन, २०८१ तथा अन्य प्रचलित कानुन बमोजिम कडा कानुनी कारबाही भई जाने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

Website:https://doc.gov.np
Email: gunaso.banijyabibhag@gmail.com